तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १२ मितिः २०८२/०८/१७ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

**तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२**

प्रस्तावनाः तमानखोला गाउँपालिकामा करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने कार्यमा गाउँपालिका भित्रका स्थायी बासिन्दालाई थप प्राथमिकता दिई समावेशी बनाउन आवश्यक भएकोले तमानखोला गाउँ कार्यपालिकाले "तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" लाई दोस्रो पटक संशोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "तमानखोला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. कार्यविधिको दफा ४ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थप गर्ने। "(ग१) स्थानीय बासिन्दा वापतको थप अंकः १० (दलितः ७, जनजातीः ४, अन्यः २, महिलाको हकमा थपः ३ अंक) । यस खण्ड बमोजिमको अंक प्राप्त गर्नको लागि उम्मेदवार गाउँपालिकाको स्थायी बासिन्दा र सम्बन्धित समुदाय भित्रको व्यक्ति भएको व्यहोरा नियमानुसार प्रमाणित हुनु पर्नेछ ।" भन्ने बुँदा थप गर्ने।

आज्ञाले,
अमित परियार
प्रमुख प्रशासकीय अधिकृत